स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कलाकार दीपकराज गिरीले सक्रिय राजनीति नगर्ने सोचले राजनीतिमा होमिन लागेका कलाकर्मीलाई विपक्षीमा बस्न सुझाव दिएका छन्। उनले आइतबार सामाजिक सञ्जालमा एक पोस्ट गर्दै यस्तो सुझाव दिएका हुन्। 'यदि सक्रिय राजनीति गर्नु छैन भने कुनै पनि दल, कुनै एक समूह वा कुनै एक बिचारको दास हुनुभन्दा राम्रो गर्दा तारिफ र नराम्रो गर्दा आलोचना गरेर सदाबहार विपक्षी हुनु राम्रो।'

**आजको विचार...**



अप्ठेरोमा...
*(दुई पेजमा)*

भूमिनन्द बराल

गायिका एलिना चौहानले मंसिर र पुस महिनाको लागि सांगीतिक लाइनअपको घोषणा गरेकी छन्। सामाजिक सञ्जालबाट उनले यी दुई महिनामा देश तथा विदेशमा गर्ने टूर र कन्सर्टको मितिबारे जनाएकी हुन्। सोमबार इटहरी महोत्सवमा प्रस्तुति दिँदै उनको टूर सुरु हुनेछ। २४ मंसिरमा अम्बासी मिनी महोत्सव, २५ मंसिरमा झापा, २६ मंसिरमा धरान एक्स्पो, २७ मंसिरमा उदयपुर कटारी महोत्सवमा कार्यक्रम तय छन्। २८ मंसिरमा जोगबुढा महोत्सव २९ मंसिरमा बेल्टार महोत्सव हुनेछन्।



❒ वर्ष ३१ अंक १३२ ❒ २०८२ मंसिर २३ गते मंगलबार 9 December 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### आक्रमणमा बालबालिका सहित ११४ को मृत्यु

(रासस/सिन्ह्वा)

**खार्तुम,** मङ्सिर २२/सुडानको दक्षिण कोर्डोफान राज्यको कालोगी क्षेत्रमा बिहीबार भएको आक्रमणमा मृत्यु संख्या ११४ पुगेको राज्य सरकारले आइतबार जनाएको छ, ।जसमा ६३ बालबालिका छन् भने करिब ७१ जना घाइते भएका छन् । राज्यपाल मोहम्मद इब्राहिम अब्देल करिमका अनुसार स्थानीय स्वास्थ्य सेवा अपर्याप्त रहेकाले गम्भीर घाइतेहरूलाई अन्य अस्पतालमा सार्नुपरेको र त्यसैले मृत्यु संख्या अझै बढ्न सक्ने सम्भावना रहेको बताइएको छ । सुडानी अधिकारीहरूले अब्दुलअजिज अल-हिलु नेतृत्वको विपक्षी सशस्त्र समूहले द्रुत सहयोग बलसँग मिलेर नागरिक बस्तीमै लक्षित गरी आक्रमण गरेको आरोप लगाएका छन्, तर दुवै पक्षले घटनाबारे टिप्पणी गरेका छैनन् । प्रारम्भिक रूपमा स्वयंसेवी समूहहरूले ९ जनाको मृत्यु र ७ जना घाइते भएको जानकारी दिएका थिए, जुन पछि राज्य सरकारले अद्यावधिक गर्दै मृतक सङ्ख्या ७९ पुगेको जनाएको थियो ।

# पाल्पा अस्पतालको न्यूनतम सेवा मापदण्डमा सुधार, पायो ६७ प्रतिशत अंक

रामचन्द्र रायमाझी

**पाल्पा,** मंसिर २२/न्युनतम सेवा मापदण्डको आधारमा जिल्ला अस्पताल पाल्पाले ६७ प्रतिशत अंक प्राप्त गरेको छ । विभिन्न सूचकका आधारमा मापन गरिँदा अस्पतालले सो अंक पाएको हो ।

यो विगतको तुलनामा सुधारोन्मुख अंक हो । अघिल्लो वर्षको मापन अनुसार ६४ प्रतिशत रहेकोमा अहिले ३ प्रतिशत बढेको हो । २०८० मा भने ५४ प्रतिशत अंक अस्पतालले पाएको थियो । अस्पतालबाट प्रदान हुने स्वास्थ्य सेवा, सरसफाइ, वहिरङ्ग सेवा, इमर्जेन्सी सेवा, प्रयोगशाला, फार्मेसी, व्यवस्थापन लगायतका विषयलाई मुख्य आधार मानेर न्यूनतम सेवा मापदण्ड र सम्पादनका आधारमा अस्पतालले यस वर्ष कुल ६७ प्रतिशत



अङ्क अर्थात् ६०२ नम्वर प्राप्त गरेको हो । लुम्बिनी प्रदेश सरकार स्वास्थ्य निर्देशनालयले मापन गरेको विभिन्न सुचकका आधारमा अस्पतालले सो अंक प्राप्त गरेको छ । पाल्पा अस्पतालको आयोजनामा सोमबार तानसेनमा भएको न्युनतम सेवा मापदण्ड कार्यान्वयन कार्यक्रम अन्तर्गत पाल्पा अस्पतालको अनुगमन मूल्याङ्कन तथा समिक्षा कार्यक्रममा प्रदेश स्वास्थ्य निर्देशनालयका डा. अक्षुत शर्मा न्यौपानेले उक्त तथ्याङ्क प्रस्तुत गरेका थिए । उनले गत वर्षका केही सीमाहरुलाई फलो गरेको र सेवा थप विस्तार भएका कारण ३ प्रतिशत अंक वृद्धि भएको बताए । न्यौपानेले नतिजामा सुधार देखिए पनि अझै धेरै काम गर्न बाँकी रहेको उल्लेख गरे । उनले अस्पताल सञ्चालन गर्ने बार्षिक योजना बनाउनुपर्ने, लाइब्रेरी प्रभावकारी बनाउनुपर्ने,जनशक्तिहरुको सिप ख्याल गर्नु पर्ने, भवन निर्माण गर्नुपर्ने, अस्पतालको भवन अपाङ्ग, जेष्ठ नागरिक र सुत्केरी मैत्री हुनुपर्ने, प्राइभेसिलाई ध्यान दिनुपर्ने, ओपिडी दर अनुसार भर्ना दर मिल्नुपर्ने,क्षयरोगका बिरामीहरुलाई छुट्टै राख्नु पर्ने, अस्पताल परिसरमै बल्ड बैंक राख्नु पर्ने, शव वाहनको व्यवस्था गर्नु पर्ने लगायतका विषयहरुमा ध्यान दिनुपर्ने बताए । कार्यक्रममा प्रमुख अतिथि लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेम सारुले विगतका वर्षमा भन्दा पाल्पा अस्पतालको सेवामा सुधार हुँदै गएको बताए ।

*-बाँकी अन्तिम पेजमा...*

## तानसेनमा आज नेकपाको एकता सन्देश सभा हुँदै




**पाल्पा,** मंसिर २२/नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीसहितका वामपन्थी राजनीतिक दलको एकतापछि बनेको नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले पाल्पाको तानसेनमा आज 'एकता सन्देश सभा' गर्न लागेको छ । पार्टी एकताको सन्देश तल्लो तहसम्म पुऱ्याउनका लागि सन्देशसभा आयोजना गर्न लागिएको नेकपाका नेता मथुरा ढकालले बताए ।

तानसेनस्थित टुँडिखेल मैदानमा विहान ११ बजेदेखि सभा हुनेछ । सभालाई नेकपाका केन्द्रीय सदस्यहरु प्रकाश ज्वाला, ओन्सरी घर्ती, सोमप्रसाद पाण्डेय लगायतका नेताहरूले सम्बोधन गर्ने छन् । सभामा हजारौं समर्थक उपस्थीति हुने नेकपाले दाबी गरेको छ । नेकपाले सोमबार तानसेनको विशाल बजारमा पार्टी कार्यालयको उद्घाटन समेत गरेको छ ।

गत कात्तिक १९ गते विभिन्न वाम घटकहरूबीच एकता भएर नेपाली कम्युनिष्ट पार्टी बनेको थियो । त्यसपछि एकताको सन्देश दिन नेकपाले देशैभर एकता सन्देश सभा गरिरहेको छ ।

## लुम्बिनी प्रदेशमा करिब १२ हजार सात सय छाडा चौपाय : सर्वेक्षण

**लुम्बिनी,** मंसिर २२/लुम्बिनी प्रदेशमा करिब १२ हजार सात सय ३२ छाडा चौपाया रहेको तथ्याङ्क सार्वजनिक भएको छ । प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले छाडा पशु व्यवस्थापनसम्बन्धी गरेको सर्वेक्षण अध्यायन प्रतिवेदनमा प्रदेशमा अझै करिब चार हजार चौपाया व्यवस्थापन बाहिर रहेकाले कानुनी संरचना र सहकार्यलाई परिणाममुखी बनाउनुपर्ने कुरामा जोड दिएको छ ।



प्रदेशका विभिन्न जिल्लामा सञ्चालनमा रहेका ३९ गौशालाको क्षमता ११ हजार ६ सय ७७ भए पनि अहिले आठ हजार नौ सय ९५ चौपायाको मात्र व्यवस्थापन भएका तथ्याङ्कमा औंल्याइएको छ । ती गौशालाहरुमा थप दुई हजार छ सय ८२ चौपाया राख्न सकिने भए पनि करिब एक हजार चौपाया अझै व्यवस्थापन बाहिर रहने देखिएको उल्लेख छ । कृषिमन्त्री दिनेश पन्थीको संयोजकत्वमा बनेको समितिले स्थलगत अवलोकन, तथ्याङ्क सङ्कलन, अन्तरक्रिया र सरोकारवालासँगका छलफलपछि उक्त प्रतिवेदन तयार पारेको हो । मन्त्रालयले तयार पारेको प्रतिवेदन मुख्यमन्त्री चेतनारायण आचार्यलाई बुझाइएको छ । प्रतिवेदन बुझ्दै मुख्यमन्त्री आचार्यले छाडा पशु व्यवस्थापनका लागि बनाइने विधेयकलाई हिउँदे अधिवेशनमै पेस गर्न निर्देशन दिए । उनले समुदायसँग सहकार्यमा गौशालालाई व्यवस्थित बनाउनुपर्ने र भविष्यमा नश्ल सुधार तथा जैविक मल उत्पादनलाई प्राथमिकतामा राखेर अघि बढ्ने आधार रहेको बताए । "भविष्यमा ती गौशालाई नश्ल सुधारका लागि प्रयोग गर्न सकिन्छ", मुख्यमन्त्री आचार्यले भने,"प्रदेशलाई चाहिने पशु चौपाया यिनै गौशालाबाट पूरा गर्न सक्ने आधार रहन्छ । जैविक मलको केन्द्र पनि बन्न सक्ने भएकाले यसलाई दीर्घकालीन योजनाकासाथ अघि बढाउन जरुरी छ ।" छाडा चौपायको समस्या सबैभन्दा बढी तराईका जिल्लामा सबैभन्दा गम्भीर देखिएको छ । धेरै गौशालामा दाना-पानी, जनशक्ति र पशु स्वास्थ्य सेवाको अभाव छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## भ्रष्टाचार अन्त्य गरौं

भ्रष्टाचार नियन्त्रण विश्वकै लागि ठूलो चुनौती बनेको छ । विश्वभर यो अपराध बढोत्तरीकै क्रममा छ । नागरिकमा आएको चेतना, सञ्चारमाध्यमको प्रभावकारिता, राजनीतिज्ञ र नागरिक समाजको क्रियाशीलताका कारण भ्रष्टाचारजन्य कार्य र अधिकारको दुरुपयोगलाई सर्वत्र भर्त्सना गर्न थालिएको छ । भ्रष्टाचारले मुलुकमा राजनीतिक अस्थिरता बढाउनुका साथै लामो संक्रमणकालबाट गुज्रिएका मुलुकमा गरिबी झन् बढेको देखिन्छ । पछिल्लो समयमा त भ्रष्टहरूले सूचना प्रविधिलाई समेत दुरुपयोग गर्ने हैसियत बनाइसकेका छन् । क्षणभरमै राष्ट्रको ढुकुटी रित्तिन सक्ने अवस्था आएको छ । भ्रष्टाचार एउटा सामाजिक महारोग पनि हो । भ्रष्टाचारले गर्दा जनतामा चरम नैरास्य छाएको छ । सन् २०४८ साल देखी नै नेपाल डरलाग्दो र अनियन्त्रित भ्रष्टाचारको दलदलमा फसेको छ । यो अत्यन्त दुखको कुरा हो । भ्रष्टाचार अन्त्यका लागि भन्दै हरेक वर्ष डिसेम्बर ९ मा भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाउने गरिन्छ ।

आज पनि यस वर्षको दिवस नेपालसहित विश्वभर मनाइँदै छ । तर हरेक वर्ष यो दिवस मनाउने गरिए पनि भ्रष्टाचारको अन्त्य भने हुन सकेको छैन, बरु झन् मौलाउदै गएको छ । भ्रष्टाचारकै कारण देशमा विकास, समृद्धि र शुसासन आउन सकेको छैन । नेपालमा राजनीति गर्नेहरू प्रायः कुनै न कुनै रूपमा भ्रष्टाचारमा संलग्न हुने गरेको पाइन्छ । सिधासाधा व्यक्ति अब नेपाली राजनीतिमा अयोग्य सावित हुन पुगेका छन् । यो पनि यो भ्रष्टाचारको प्रकाष्ठ नै हो । डन, पैसावाला र भ्रष्टाचार गर्नेहरुको नै यहाँ हालिमुहाली हुन थालेको छ । यो अत्यन्त दुखको कुरा हो । भ्रष्टाचारलाई विकास र समृद्धिको बाधकका रुपमा लिइने गरिएको छ । ठूलो रकमको अपचलन हुने स्थिति निर्माण हुँदा त्यसले देशको अर्थतन्त्रलाई सकारात्मक दिशामा अघि बढ्न दिँदैन । भ्रस्टाचार विरुद्ध हरेक नागरिक सचेत बन्न आवश्यक छ । गाउँपालिका र नगरपालिकाहरुमा विकास निर्माणको लागि छुट्याइएको बजेटको दुरुपयोग हुनबाट जोगाइ सहि ठाउँमा सदुपयोग गरौं । भ्रष्टाचारमुक्त समाज निर्माण गर्न सबै जुटौ । जनताको आँखामा छारो हालेर आफ्नो रित्तो खल्ती भराउनुबाट गाउँ बस्तीबाट आवाज उठाऔ, भ्रष्ट हुनबाट खुलेर खबरदारी गरौं । सरकारले पनि भ्रष्टाचारीलाई कारवाहीको दायरामा ल्याओस् यसो गर्न सके मात्र अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्धको दिवस मनाउनुको सार्थकता रहन्छ ।

### Opinion @ Socia Network

समयसँगै मन भरिनु पनि स्वभाविक नै हो
घामपानी नहुँदा छाता पनि त बोझ लाग्छ ।
(कुशल गाहाको **फेसबुक स्टाटसबाट** www.facebook.com/Kusal.Gaha)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अप्ठेरोमा देश : पार लगाउने जिम्मा नयाँ दलको



**भूमिनन्द बराल**

*विगतमा कांग्रेस र कम्युनिस्टबिच हुने यस्ताध्रुवीकरण सैद्धान्तिक आधारमा हुन्थे । तर अहिले सैद्धान्तिक आधार खिइएर 'सत्ता स्वार्थकोध्रुवीकरण' मा सीमित भएको छ । आजकोध्रुवीकरणलाई बुझ्न पुरानो तरिका पर्याप्त छैन । आउनुस् देशमा हुँदै गरेकोध्रुवीकरणका मुख्य आयामहरूबारे चर्चा गरौँ । एकातिर कांग्रेस, एमाले, माओवादीलगायत दशकौँदेखि सत्तामा रहेका स्थापित दलहरू छन् भने अर्कोतिर रवि लामिछाने नेतृत्वको रास्वपा, उज्यालो नेपाल, बालेन शाह जस्ता व्यक्तिहरू तथा 'नो नट अगेन' भन्ने शक्ति छ । आपसमा एक ठाउँमा भएर उभिँदै गर्दा यस्तोध्रुवीकरण एजेन्डामा भन्दा पनि 'अस्तित्व' को लडाइँमा बढी केन्द्रित देखिन्छ । पुराना दललाई आफ्नो स्थापित शक्ति र अस्तित्व रक्षा गर्नुछ । नयाँ शक्तिलाई आफ्नो सम्मानजनक स्थान सुरक्षित गर्नुछ । यस्तो अस्तित्वको लडाइँमा मुलुकको एजेन्डा कतै छायामा त पर्दैन भन्ने आशंका गर्ने ठाउँ धेरै छ । व्यवस्था विरोधीध्रुवीकरण गणतन्त्र र सैीयता कार्यान्वयनमा देखिएका कमजोरीहरूको जगमा 'राजावादी' वा व्यवस्था विरोधी स्वरहरू एक ठाउँमाध्रुवीकृत हुँदैछन । सडकमा देखिने प्रदर्शनहरूले वर्तमान संविधानमाथि नै प्रश्न चिन्ह खडा गरिदिएका छन् । व्यवस्था तथा त्यसको आधारका रूपमा रहेको संविधानमाथि प्रश्न चिन्ह खडा गरेर देखा परेको आवाजले राजनीतिको दिशा बदल्ने प्रयास गरिरहेकै छ ।*

देशको अवस्था ठिक छैन । नेपालको राजनीति इतिहासकै सबै भन्दा संवेदनशील मोडमा उभिएको छ । व्यवस्था परिवर्तन भएको डेढ दशक बितिसक्दा पनि नागरिकको जीवनस्तरमा तात्त्विक परिवर्तन अनुभव भएन । राजनीतिक दलहरू सत्ताको लुछाचुँडीमा मात्र केन्द्रित भए । एकपछि अर्को गर्दै भ्रष्टाचारका ठुला काण्डहरू सार्वजनिक हुँदैछन् । समग्रमा देश नै डरलाग्दो 'अधोगति' तर्फ गएको भान हुँदैछ । आजको राजनीतिलाई नियाल्न आलेखमा निम्न आँखीझ्याल प्रयोग गरिएको छ ।

राजनीतिक ध्रुवीकरणको नयाँ स्वरूप राजनीति विभिन्न स्वरूपकोध्रुवीकरणमा छ । विगतमा कांग्रेस र कम्युनिस्टबिच हुने यस्ताध्रुवीकरण सैद्धान्तिक आधारमा हुन्थे । तर अहिले सैद्धान्तिक आधार खिइएर 'सत्ता स्वार्थकोध्रुवीकरण' मा सीमित भएको छ । आजकोध्रुवीकरणलाई बुझ्न पुरानो तरिका पर्याप्त छैन । आउनुस् देशमा हुँदै गरेकोध्रुवीकरणका मुख्य आयामहरूबारे चर्चा गरौँ । समाज स्पष्ट दुई कित्तामा उभिएको छ । एकातिर कांग्रेस, एमाले, माओवादीलगायत दशकौँदेखि सत्तामा रहेका स्थापित दलहरू छन् भने अर्कोतिर रवि लामिछाने नेतृत्वको रास्वपा, उज्यालो नेपाल, बालेन शाह जस्ता व्यक्तिहरू तथा 'नो नट अगेन' भन्ने शक्ति छ । आपसमा एक ठाउँमा भएर उभिँदै गर्दा यस्तोध्रुवीकरण एजेन्डामा भन्दा पनि 'अस्तित्व' को लडाइँमा बढी केन्द्रित देखिन्छ । पुराना दललाई आफ्नो स्थापित शक्ति र अस्तित्व रक्षा गर्नुछ । नयाँ शक्तिलाई आफ्नो सम्मानजनक स्थान सुरक्षित गर्नुछ । सबै 'डु एन्ड डाई' को अवस्थामा छन् । यस्तो अस्तित्वको लडाइँमा मुलुकको एजेण्डा कतै छायामा त पर्दैन भन्ने आशंका गर्ने ठाउँ धेरै छ ।

**व्यवस्था विरोधीध्रुवीकरण**

गणतन्त्र र सैीयता कार्यान्वयनमा देखिएका कमजोरीहरूको जगमा 'राजावादी' वा व्यवस्था विरोधी स्वरहरू एक ठाउँमाध्रुवीकृत हुँदैछन । सडकमा देखिने प्रदर्शनहरूले वर्तमान संविधानमाथि नै प्रश्न चिन्ह खडा गरिदिएका छन् । व्यवस्था तथा त्यसको आधारका रूपमा रहेको संविधानमाथि प्रश्न चिन्ह खडा गरेर देखा परेको आवाजले राजनीतिको दिशा बदल्ने प्रयास गरिरहेकै छ । यस्तोध्रुवीकरण बढ्दै जाँदा देश झनै जोखिममा पर्दै जान्छ ।

**अस्थिर गठबन्धन**

देशमा पुनः कुनै पनि दलको स्पष्ट बहुमत नआउने निर्वाचन प्रणालीको मारमा पर्दैछ । झिनो स्वार्थमा देशको फेरो घुम्दैछ । हिजोका दिनमा नेताहरूको पदलोलुपताले गर्दा हरेक ६ महिना वा एक वर्षमा सरकार परिवर्तन हुनु सामान्य बनेको थियो । अबका दिनमा पनि त्यस्तै अवस्था दोहोरिने हो कि भन्ने चिन्ता छ । एमाले-कांग्रेसको सहकार्य होस् वा वाम एकता, यी सबै जनताका लागि नभई केवल 'शक्ति बाँडफाँट' का लागि मात्र भएको बुझाइ आम नागरिकमा छ । साथै नयाँ दलमा देखिन थालेको यस्तै पद लोलुपता र आत्मकेन्द्रित चिन्तनले देशलाई गम्भीर सङ्कटमा लैजाने हो कि भन्ने चिन्ता पनि छ ।

**भविष्यको मार्गचित्र**

राजनीतिक एवं आर्थिक वृत्तका सन्देशहरू आशाप्रद छैनन् । चौतर्फी व्याप्त निराशा तथा यस्तै राजनीतिक संस्कार कायम रहने हो भने नेपालले निकट भविष्यमा थप गम्भीर सङ्कटको सामना गर्नुपर्ने देखिन्छ । विभिन्न क्षेत्रका सूचक तथा पछिल्ला अनुभवहरू हेर्ने हो भने मुलुकको निराशाजनक तस्बिर प्रस्टै देख्न सकिन्छ । देशको अर्थतन्त्र विप्रेषणको भरमा मात्र टिकेको छ । युवा पलायनले गर्दा आन्तरिक उत्पादन शून्य प्रायः छ । विश्व बजारमा मन्दी वा कुनै कारणवश वैदेशिक रोजगारीमा सङ्कट देखियो भने नेपालको अर्थतन्त्र तासको घर जस्तै ढल्ने निश्चित छ । त्यसले हाम्रो अर्थतन्त्रमा रहेको परनिर्भरताको विस्फोट गराउनेछ । गाउँमा युवा जनशक्ति छैनन् । भविष्यमा नेपाल 'वृद्ध-वृद्धाहरूको देश' बन्ने तथा सामाजिक सुरक्षा प्रणाली नै धान्न नसक्ने स्थितिमा पुग्ने जोखिम बढेको छ । यो दशा देख्न धेरै वर्ष नलाग्न सक्छ । जनसांख्यिकीय असन्तुलनले सामाजिक, राजनीतिक एवं आर्थिक क्षेत्रमा दुर्घटना निम्त्याउने जोखिम छ । यसैबिच न्यायालय, अख्तियार, प्रहरी प्रशासन र विश्वविद्यालयले पनि राम्रो काम गरेर देखाउन सकेका छैनन् । कारण हो- संस्थाहरूमा गरिने चरम राजनीतिकरण । संस्थाहरू असफल हुनु भनेको राष्ट्र असफल बन्न हो । त्यसैले हामीले त्यसतर्फ गम्भीरतापूर्वक ध्यान दिनु पर्नेछ ।

**नागरिक निराशाका कारणहरू**

अहिलेको अवस्था कस्तो छ भने देशमा व्याप्त निराशा विभिन्न कोणबाट अभिव्यक्त हुँदै गइरहेको छ । निराशा निराधार पनि छैनन् । युवा पुस्तामा देखिएको चरम निराशाका पछाडि ठोस कारणहरू छन् । नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा काण्ड, सुन तस्करी र सहकारी ठगीजस्ता ठुला काण्डहरूमा अगुवा नेताहरूकै नाम मुछिएको छ । कोही कानुनी दायराबाट उम्किने कोही त्यही कानुनको फन्दामा पर्ने हुँदा विधिको शासनमाथि विश्वास गुमेको छ । त्यसैले 'यहाँ बसेर काम छैन' भन्ने भाष्य आम बन्न पुगेका छ । यहाँसम्म कि विद्यार्थीहरू कक्षा १२ को परीक्षा दिनासाथ विदेश जान खुट्टा उचाल्न थालेका छन् । यस्तो चिन्तन संस्थागत हुँदै जाँदै यसले समाजको ठुलो तप्कालाई प्रभावित पारिरहेको छ । तर, यति हुँदा पनि देशको नेतृत्वले त्यसबाट शिक्षा लिएको देखिँदैन । नागरिकको दुःखमा नेतृत्वको यो हदसम्मको असंवेदनशीलताले नै आम मानिसमा आक्रोश थपिरहेको छ ।

**अन्त्यमा**

आज देश आन्दोलन र विध्वंसको साक्षी भएर नयाँ परिस्थितिका अघिल्तिर उभिएको छ । एक प्रकारले भन्दा नेपाल अहिले 'कोर्स करेक्सन' को चौबाटोमा उभिएको छ । त्यसैले यतिबेला उदाएका नयाँ शक्तिकै काँधमा ठुलो जिम्मेवारी आई पुगेको छ । जसले त्याग र सेवा गर्न सक्छ अबको नायक उही हो । यसका लागि नयाँ र वैकल्पिक भनिएका बालेन, रवि, कुलमान र हर्क लगायतले जिम्मेवार भएर सोच्ने समय आएको छ । आशा गरिएका नयाँ र वैकल्पिकले समयमै कुरा बुझेनन् भने आम मानिसले उनीहरूलाई पनि सधैँ सराहना गरिरहने छैनन् ।

*-रातोपाटी डटकम*

## महत्त्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : बाहिरिनाले गोपनियता भंग होला । गृहकार्यमा धेरै समय बित्नेछ। | **तुला** : सहकार्य गर्ने अवसर जुर्नेछ। कामकाजमा सकारात्मक प्रभाव बढ्नेछ। |
| **वृष** : आत्मविश्वासमा वृद्धि हुनेछ। व्यवसायलाई लिएर यात्रा गर्नुपर्ला। | **वृश्चिक** : सामाजिक जिम्मेवारी वहन गर्नुपर्ला। सहयोगीहरूको सहयोग मिल्नेछ। |
| **मिथुन** : प्रयत्न गर्दा आर्थिक पक्षमा सुधार आउनेछ। खर्चमा वृद्धि हुनेछ। | **धनु** : व्यवसायमा पारदर्शिता राख्नुहोस्। नयाँ अवसरको खोजीमा दौडधुप गर्नुपर्ला। |
| **कर्कट** : अवसरको खोजीमा सफलता मिल्नेछ। कानुनी पक्ष सबल रहनेछ। | **मकर** : दिगो काम थाल्ने समय रहेको छ। दाम्पत्य जीवन सुमधुर रहनेछ। |
| **सिंह** : छालारोग सम्बन्धी पुरानो समस्या बल्झिनाले मन चिन्तित रहन सक्छ। | **कुम्भ** : सहकारी संस्थाबाट लाभ मिल्ला। द्वेष वा ईर्ष्या गर्नेहरू हार खानेछन्। |
| **कन्या** : दैनिक आवश्यकताको पूर्ति हुनेछ। मेहनतको उपयुक्त प्रतिफल प्राप्त हुनेछ। | **मीन** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ। |

## विज्ञान/सूचना प्रविधि

# 'एआई फिचर' मार्फत प्रयोगकर्ता आकर्षित



बेइजिङ एप्पलले विश्वको सबैभन्दा ठूलो स्मार्टफोन बजार चीनमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) सुविधाहरू सार्वजनिक गर्न संघर्ष गरिरहेका बेला, चिनियाँ फोन निर्माताहरूले बजार हिस्सा हासिल गर्ने दौडमा आईफोनबाट प्रयोगकर्ताहरूलाई आकर्षित गर्न सहयोग गर्ने एपहरूलाई जोड दिइरहेका छन् ।

चीनमा कडा प्रतिस्पर्धा गरिरहेका शीर्ष पाँच घरेलु फोन निर्माता कम्पनीहरूले यस वर्ष ग्राहकहरूलाई एप्पलको आईओएस अपरेटिङ सिस्टमबाट सजिलै माइग्रेट गर्न वा आफ्ना चिनियाँ फोनहरू एप्पलका उपकरणहरूसँगै प्रयोग गर्न सहज बनाउने कार्यक्रमहरूको प्रचार गरिरहेका छन् । भूराजनीतिक तनावका कारण चीनको इन्टरनेट नियामकले एप्पलको योजनाबद्ध एआई सुविधाहरूको रोलआउटलाई ढिलाइ गरिरहेको बेला यी अभियानहरू आएका हुन्। परामर्शदाता ओमडियाका विश्लेषक लुकास झोङले भने, 'चिनियाँ स्मार्टफोन विक्रेताहरू स्पष्ट रूपमा एआई विकासमा छिटो र ठूलो खुलापनका साथ अघि बढिरहेका छन् ।' उनले यी रणनीतिहरूले तत्कालै महत्त्वपूर्ण परिवर्तन नदिए पनि एप्पलको चीनमा हुने सञ्चालनहरूमा निस्सन्देह दबाब थप्ने बताए ।

**बजार प्रतिस्पर्धा र हिस्सा :** चीनको स्मार्टफोन बजार अत्यधिक प्रतिस्पर्धी छ, जहाँ कुनै पनि कम्पनीको बजार हिस्सा २० प्रतिशतभन्दा बढी छैन । पहिले बजारको नेतृत्व गरिरहेको एप्पललाई गत वर्ष भिभोले उछिनेको थियो। काउन्टरपोइन्ट रिसर्चका अनुसार यो वर्षको तेस्रो त्रैमासिकसम्म भिभोको बजार हिस्सा १८.५ प्रतिशत थियो । तेस्रो त्रैमासिकमा एप्पल, अनर, ओप्पो, शाओमी र हुवावे प्रत्येकको बजार हिस्सा १३.६ प्रतिशतदेखि १६.४ प्रतिशतको बिचमा रहेको थियो ।

**चिनियाँ कम्पनीका नयाँ रणनीति र एआई फिचर :** एप्पलले फाइल र एपहरू नयाँ उपकरणमा स्थानान्तरण गर्न सहज बनाउने भएकाले चिनियाँ फोन निर्माताहरूलाई एप्पल प्रयोगकर्ताहरूलाई आकर्षित गर्न पहिले गाह्रो भएको थियो । तर, उनीहरूका एआई-सञ्चालित सुविधाहरू र फोल्डेबल फोन जस्ता आविष्कारहरूले एप्पलका प्रयोगकर्ताहरूलाई जित्न पर्याप्त आकर्षक बनेको घरेलु निर्माताहरू अब विश्वास गर्छन् । ओप्पो: ओप्पोको पछिल्लो स्मार्टफोनमा रहेका एआई सहायकहरूले डिजिटल कारोबारका स्क्रिनसटहरू प्रयोग गरी दैनिक खर्च ट्र्याक गर्न सक्छन् र फोनको क्यामेरा प्रयोग गरी जिम उपकरणहरू कसरी प्रयोग गर्ने भन्ने बारे वास्तविक-समय मार्गदर्शन दिन सक्छन् । अनर: अनरका पछिल्ला मोडलहरूले धेरै कुपन साइटहरू तुलना गरेर खरिदकर्ताहरूलाई छुटहरू पत्ता लगाउन, विभिन्न राइड-हेलिङ एपहरूबिच समन्वय गरी ट्याक्सी छिटो बुक गर्न र छोटो भिडियोहरू बनाउन सहयोग गर्न सक्छन् । फाइल माइग्रेसन: हुवावेबाट सन् २०२० मा छुट्टिएको अनरले हालै आफ्नो डिभाइस क्लोन एप अपडेट गरेको छ, जसले प्रयोगकर्ताहरूलाई क्यूआर कोड स्क्यान गरेर एप्पल फोनबाट फोटो, सन्देश र सम्पर्कहरू माइग्रेट गर्न दिन्छ । यसको अनर कनेक्ट एपले एप्पलको एयरड्रप जस्तै गरी आईओएस उपकरणहरूसँग फाइल आदानप्रदान गर्न दिन्छ । अनरका एआई उत्पादन निर्देशक जियाङदोङ लीले अनरको पछिल्लो फ्ल्यागसिप फोन म्याजिक भी ५ का ३७ प्रतिशत अनलाइन खरिदकर्ताहरूले यी उपकरणहरू प्रयोग गरेर एप्पल उपकरणबाट 'स्विच' गरेको बताएका छन् । उनले एप्पल ढिलो चलेमा आफूहरूका लागि ठूलो अवसर हुने पनि बताए ।

शाओमीका संस्थापक लेई जुनले सेप्टेम्बरमा आयोजित फोन लन्च कार्यक्रममा फाइल ट्रान्सफर, स्क्रिन सेयरिङ र आईफोनहरूसँग नोटिफिकेसन सिङ्क्रोनाइजेसन जस्ता नयाँ सुविधाहरूको प्रचार गर्दै एप्पल प्रयोगकर्ताहरूलाई स्वागत गरेको बताएका थिए । ओप्पोको पछिल्लो अपरेटिङ सिस्टमले प्रयोगकर्ताहरूलाई आफ्ना एप्पल उपकरणहरूबाट आउने कलहरूको जवाफ दिन, सन्देशहरूको उत्तर दिन र सूचनाहरू सिधै आफ्नो ओप्पो फोनमा हेर्न अनुमति दिन्छ । यता, एप्पलले भने एन्ड्रोइड प्रयोगकर्ताहरूलाई लक्षित गर्दै मूभ टु आईओएस एप राखेको छ। एप्पलका प्रमुख कार्यकारी टिम कुकले सेप्टेम्बरको अन्त्यमा सकिएको त्रैमासिकमा चीनमा बिक्री ४ प्रतिशतले घटेको भए पनि हालको त्रैमासिकमा 'कम्ब्याक गर्ने' अपेक्षा गरेको बताएका थिए । आईफोन १७ रिलिज भएपछिको एक महिनामा चीनको बिक्री २२ प्रतिशतले बढेको काउन्टरपोइन्टले अनुमान गरेको छ, जसले उपभोक्ताहरूमा एआई सुविधाहरूको कमीले चिनियाँ प्रतिस्पर्धीहरूले अपेक्षा गरेजति चिन्ता नभएको सङ्केत गर्दछ ।

*-रातोपाटी डटकम*

# शिक्षकहरूलाई एआई टुल्स सिकाउँदै नास्ट

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)ले शिक्षकहरूको क्षमतालाई अभिवृद्धि गर्ने उद्देश्य स्वरुप तालिम प्रदान गर्न सुरु गरेको छ । पठनपाठनमा एआई जस्ता नवीनतम प्रविधि प्रयोग गरेर विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न सहयोग गर्ने उद्देश्य स्वरूप नास्टको विज्ञान तथा प्रविधि सूचना प्रणाली केन्द्र अन्तर्गत रहेको सूचना पहुच केन्द्रले तालिम दिन थालेको हो । हालसम्म नास्टले काठमाडौँको चन्द्रागिरी नगरपालिकाका सामुदायिक विद्यालयमा अध्यापनरत २३ जना विज्ञान शिक्षकहरू र टोखा नगरपालिकाका १९ जना विज्ञान शिक्षकहरूलाई तालिम दिइसकेको सूचना प्रणाली केन्द्रका कोअर्डिनेटर प्रदीप ढोडारीले बताए । उनका अनुसार यो तालिम पूर्ण दिनको हुन्छ । अहिलेसम्म परीक्षणका रूपमा यो तालिम सञ्चालन गरिएको छ । यसमा शिक्षकहरूलाई च्याटजीपीटी, जेमिनाई, डिपसिक जस्ता एआई टुलहरूको प्रयोग गरी शैक्षिक



सामग्री निर्माण गर्ने, परियोजना प्रतिवेदनहरू बनाउने, नमुना प्रश्नपत्र तयार पार्ने जस्ता सीपहरू सिकाइने उनको भनाइ छ । यसले शिक्षकहरूलाई पछिल्ला प्रविधिहरूसँग नजिक बनाउने समेत उनले बताए । 'आधुनिक विद्यालय शिक्षामा एआईका विभिन्न टुल्सहरूलाई कसरी प्रयोग गर्ने, आजको सूचना प्रविधिको विकास सँगै हाम्रो कक्षागत सिकाइलाई कसरी अझ प्रभावकारी बनाउने र साथै यो सिकाइलाई कसरी जीवनउपयोगी बनाउने भन्ने सन्दर्भमा तालिम केन्द्रित छ,' उनले भने । अब यो तालिम क्रमश:अन्य नगरपालिकाहरूमा पनि विस्तार गर्ने उनको भनाइ छ । त्यस्तै आगामि दिनहरूमा भने तालिमको निश्चित ढाँचा बनाएर सकेसम्म देशभर विस्तार गर्ने समेत उनले सुनाए । हाललाई यस तालिममा श्रोत व्यक्तिका रूपमा माध्यमिक तहका कम्प्युटर विज्ञान पुस्तकका लेखक सुनिल घर्ती, राहुल महथा तथा अनुप पौड्याल रहेका छन् । *-अनलाइन खबर डटकम*

# भारतले अन्तरिक्ष अन्वेषणमा युगान्तकारी यात्रा मनाउँछ



***भारतले पीएसएलभीमा ३४ देशहरूबाट कम्तीमा ३५४ विदेशी उपग्रहहरू प्रक्षेपण गरेको छ । २०२३ मा, भारत चन्द्रमाको दक्षिण ध्रुवमा पुग्ने पहिलो देश र त्यो ग्रहमा अवतरण गर्ने चौथो देश बन्नेछ। तत्कालीन अमेरिकी उपराष्ट्रपति कमला ह्यारिस र रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, खगोल भौतिक शास्त्री नील डेग्रास टायसन, अन्तर्राष्ट्रिय मुद्रा कोषका अधिकारी गीता गोपीनाथ र अमेरिकी राष्ट्रिय वैमानिकी तथा अन्तरिक्ष प्रशासन (नासा), युरोपेली अन्तरिक्ष एजेन्सी (ईएसए), र बेलायती अन्तरिक्ष एजेन्सी लगायत अन्तर्राष्ट्रिय नेताहरूले भारतलाई यो "शानदार र ऐतिहासिक" उपलब्धिमा बधाई दिए ।***

भारतको अन्तरिक्ष कार्यक्रमले हालैका वर्षहरूमा उल्लेखनीय प्रगति गरिरहेको छ । धेरै उल्लेखनीय उपग्रहहरू प्रक्षेपण गर्दै, जसमध्ये पछिल्लो ४,४०० किलोग्रामको सञ्चार उपग्रह हो, जुन अहिलेसम्मकै सबैभन्दा ठूलो हो । जटिल अन्तरिक्ष अभियानहरू डिजाइन, प्रक्षेपण र सञ्चालन गर्न उन्नत, स्वतन्त्र क्षमताहरू प्राप्त गरेर, भारतले अन्तरिक्ष-यात्री राष्ट्रहरूको अभिजात वर्गमा आफूलाई दृढतापूर्वक स्थापित गरेको छ । भारतले १९७५ मा स्वदेशी प्रविधि प्रयोग गरेर निर्मित आफ्नो पहिलो उपग्रह, आर्य भट्ट प्रक्षेपण गरेर अन्तरिक्ष युगमा प्रवेश गऱ्यो । त्यस बेलादेखि, देशले आत्मनिर्भरतामा ध्यान केन्द्रित गर्दै विभिन्न उपग्रहहरू निर्माण गरेर ठूलो प्रगति गरेको छ। देशको सबैभन्दा ठूलो अन्तरिक्ष अन्वेषण एजेन्सी, भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन (इसरो) ले चन्द्र अभियान चन्द्रयान-३, मङ्गल अभियान मंगलयान, र सौर्य वेधशाला अभियान आदित्य-एकल१ जस्ता प्राविधिक रूपमा माग गर्ने र चुनौतीपूर्ण अभियानहरू पूरा गरेर आफ्नो क्षमता प्रमाणित गरेको छ । भारत चन्द्रमाको दक्षिण ध्रुवमा अवतरण गर्ने पहिलो देश हो । भारतले आफ्नै रकेटहरू बनाउँछ र प्रक्षेपण गर्छ–ध्रुवीय उपग्रह प्रक्षेपण सवारी साधन (पीएसएलभी), भू-सिंक्रोनस उपग्रह प्रक्षेपण सवारी साधन (जीएसएलभी), र भू-सिंक्रोनस उपग्रह प्रक्षेपण सवारी साधन एमके-३ (एलभीएम) । थप रूपमा, इसरोले सानो उपग्रह प्रक्षेपण सवारी साधन (एसएसएलवी) विकास गरिरहेको छ । जसले सानो उपग्रह प्रक्षेपण बजारलाई पूरा गर्नेछ । २०१७ मा, इसरोले एकै प्रक्षेपणमा रेकर्ड १०४ उपग्रह प्रक्षेपण गरेर अन्तरिक्ष अन्वेषणको विश्वव्यापी इतिहासमा नयाँ अध्याय स्थापित गऱ्यो । भारतले पीएसएलभीमा ३४ देशहरूबाट कम्तीमा ३५४ विदेशी उपग्रहहरू प्रक्षेपण गरेको छ । जसमा सबै श्रेणीका उपग्रहहरूलाई सेवा गर्ने क्षमता छ । २०२३ मा, भारत चन्द्रमाको दक्षिण ध्रुवमा पुग्ने पहिलो देश र त्यो ग्रहमा अवतरण गर्ने चौथो देश बन्नेछ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भने, "भारत अब चन्द्रमामा छ । भारत चन्द्रमाको दक्षिण ध्रुवमा पुगेको छ । अरू कुनै पनि देशले यो हासिल गरेको छैन । हामी इतिहास देखिरहेका छौँ । "उनले यो सफलताको श्रेय "सम्पूर्ण मानवता" लाई दिए, थप्दै, "यसले अन्य देशहरूलाई उनीहरूको भविष्यका चन्द्र अभियानहरूमा मद्दत गर्नेछ । "चन्द्रयान-३ को दक्षिणध्रुवमा अभूतपूर्व अवतरणको धेरैले प्रशंसा गरे। तत्कालीन अमेरिकी उपराष्ट्रपति कमला ह्यारिस र रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, खगोल भौतिक शास्त्री नील डेग्रास टायसन, अन्तर्राष्ट्रिय मुद्रा कोषका अधिकारी गीता गोपीनाथ र अमेरिकी राष्ट्रिय वैमानिकी तथा अन्तरिक्ष प्रशासन (नासा), युरोपेली अन्तरिक्ष एजेन्सी ( ईएसए), र बेलायती अन्तरिक्ष एजेन्सी लगायत अन्तर्राष्ट्रिय नेताहरूले भारतलाई यो "शानदार र ऐतिहासिक" उपलब्धिमा बधाई दिए । अस्ट्रेलियाली अन्तरिक्ष एजेन्सीले भन्यो, "यस मिसनले मानवलाई हाम्रो नजिकको छिमेकीलाई राम्रोसँग बुझ्न मद्दत गर्नेछ र भारतलाई चन्द्रमामा सफलतापूर्वक अवतरण गर्ने चौथो देश बनाउनेछ।" चाखलाग्दो कुरा के छ भने, चन्द्रयान-३ को लागत केवल ७५ मिलियन अमेरिकी डलर थियो, जुन ग्राभिटी, इन्टरस्टेलर र द मार्टियन जस्ता हलिउड फिल्महरूको बजेट भन्दा धेरै कम थियो । भारतको सफलता अन्य कम र मध्यम आय भएका देशहरूका लागि अन्तरिक्ष अन्वेषण गर्न प्रेरणा हो । भारतले अर्को कम बजेटको अन्तरिक्ष अन्वेषण पहल पनि सञ्चालन गऱ्यो: यसको मार्स अर्बिटर मिसन, जसको उपनाम मंगलयान हो । यसको लागत ७४ मिलियन अमेरिकी डलर थियो, जसले यसलाई अहिलेसम्मकै सस्तो अन्तरग्रहीय मिसनहरू मध्ये एक बनायो । यसबाहेक, भारत मङ्गल ग्रहको कक्षमा पुग्ने पहिलो एसियाली देश बन्यो र पहिलो प्रयासमा सफलता हासिल गर्ने पहिलो देश बन्यो । मंगलयान छ महिनासम्म सञ्चालन गर्ने योजना थियो । यद्यपि, यसले आठ वर्षसम्म सञ्चालन गऱ्यो, जम्मा दुई टेराबाइटका हजारौं महत्त्वपूर्ण तस्बिरहरू पठायो । भारतले आफ्नो पहिलो सौर्य अन्वेषण अभियानमा पनि असाधारण रूपमा राम्रो प्रदर्शन गऱ्यो। इसरोले सात पेलोडहरू भएको वैज्ञानिक अन्तरिक्ष वेधशाला उपग्रह आदित्य-एकल१ लाई सफलतापूर्वक लगरेन्ज पोइन्ट १ (एल) वरिपरि एक अद्वितीय हेलो कक्षामा राख्यो, जहाँ सूर्यलाई पृथ्वी वा चन्द्रमाले अवरोध नगरी हेर्न सकिन्छ । ४६ मिलियन डलरमा विकसित, आदित्य-एकल१ ले कम लागतको तर उच्च-मूल्यको अन्तरिक्ष विज्ञान अभियानहरू सफलतापूर्वक पूरा गर्ने भारतको क्षमता प्रदर्शन गऱ्यो । नासाले भारतीय अन्तरिक्ष कार्यक्रमको सफलतालाई "वैज्ञानिक रूपमा महत्त्वपूर्ण" भन्यो । अब, भारत आफ्ना अन्तरिक्ष यात्रीहरूलाई तल्लो पृथ्वीको कक्षमा पठाउने वास्तविकताको नजिक पुगिरहेको छ । भारतको पहिलो मानव अन्तरिक्ष उडान अभियान, गगनयान, २०२५ को अन्त्यमा प्रक्षेपण गरिनेछ। इसरो प्रमुख भी. नारायणनले भने, "काम भइरहेको छ । हामी यस डिसेम्बरको अन्त्यमा मानवरहित अन्तरिक्षयान प्रक्षेपण गर्ने योजनामा छौँ ।" फ्रान्सेली अन्तरिक्ष यात्री थोमस पेस्केटले गगनयान अभियानलाई "अत्यन्तै शानदार र विश्वव्यापी रूपमा हेरिएको" भनेर वर्णन गरे । "मेरो एउटा नयाँ सपना छ, एक दिन एक जना साथी भारतीय अन्तरिक्ष यात्रीसँग उडान गर्ने र यो सहकार्यलाई बाह्य अन्तरिक्षमा लैजाने सपना, ताकि हाम्रा देशहरूले अन्तरिक्ष अन्वेषणको अविश्वसनीय लाभ उठाउन सकून्," पेस्केटले भने ।

*-हाम्रा कुरा डटकम*

# भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाइँदै




**पाल्पा,** मंसिर २२/भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस विविध कार्यक्रम गरी आज मनाइँदैछ । संयुक्त राष्ट्रसंघको आह्वानमा प्रत्येक वर्ष ९ डिसेम्बरका दिन विश्वभर यो दिवस मनाउने गरिन्छ ।

नेपालले सन् २०११ मा महासन्धीलाई अनुमोदन गरेको थियो । महासन्धिअनुसार नै नेपालले सम्पत्ति शुद्धीकरण आयोग गठन गरेको हो । भ्रष्टाचारविरुद्ध लड्न संवैधानिक र कानुनको सर्वोच्चता अङ्गिकार गरिएको छ । संयुक्त राष्ट्रसंघले सन् २००३ मा भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि पारित गरेपछि विश्वभर डिसेम्बर ९ तारिखलाई भ्रष्टाचार विरुद्धको दिवस मनाउन थालिएको हो । संयुक्त राष्ट्रसंघको महासभाले आजको दिनलाई भ्रष्ट्राचार विरुद्धको दिवसका रुपमा मान्यता दिएको थियो । दिवसका अवसरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, भ्रष्टाचार विरुद्ध क्रियाशिल संस्था ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल लगायत सरोकारवाला निकायले आज विभिन्न कार्यक्रमको आयोजना गर्न लागेको जनाइएको छ । अन्तर्राष्ट्रिय संघसंस्थाले गरेको अध्ययनले पछिल्लो समय विकासोन्मुख मुलुकमा भ्रष्टाचार बढ्दै गएको देखाएको छ । नेपालमा पनि भ्रष्टाचार निवारणका लागि संवैधानिक निकायका रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग गठन भएपनि भ्रष्टाचार नियन्त्रणमा अपेक्षा अनुरुप प्रगती हुन सकेको छैन । भ्रष्टाचार एक वा एक भन्दा बढी व्यक्ति वा संस्थाका गतिविधिसँग जोडिएको विषय भएकाले यसलाई तोड्न प्रभावकारी रुपमा जनचेतना बढाउनुपर्नेमा नेपालका सम्बन्धित निकायहरुले जोड दिइएका छन् । उनीहरुले भ्रष्टाचार विरुद्ध सबै एक जुट भए भ्रष्टाचारको सञ्जाल जरैदेखि उखेल्न सक्ने भन्दै भ्रष्टाचार रोक्ने अभियानमा सहयोग गर्न सबैसँग अपिल समेत गरेका छन् ।

भ्रष्टाचार दिनदिनै बढिरहेको र संसारभरि एउटा साझा समस्याका रूपमा फैलिरहेको छ । यसले आर्थिक, राजनैतिक र वैचारिक पृष्ठभूमिलाई नकारात्मक असर पार्ने गर्छ । हुन त सरकारले भने भ्रष्टाचार न्यूनीकरण हुँदै गएको दाबी गर्दै आएको छन् ।

## पाल्पा अस्पतालको...

...उनले आगामी दिनमा अझै अस्पतालको सेवालाई थप गुणस्तर र सहज बनाउँदै लैजान अस्पतालाई आग्रह गरे । मन्त्री सारुले स्वास्थ्यका मापदण्डहरुलाई पालना गरेर काम गर्न सके स्वास्थ्यमा व्यापक सुधार गर्न सकिने बताए । उनले अस्पतालको भौतिक संरचना निर्माणमा प्रदेश सरकारले विशेष प्राथमिकताका साथ काम गरेको बताए । मन्त्री सारुले अस्पतालको भवन निर्माणका लागि आफु प्रतिवद्ध भएर लागेको उल्लेख गरे । लुम्बिनी प्रदेश सांसद इन्द्रा गहतराजले अस्पतालको विकासमा प्रदेश सरकारबाट बजेटको अभाव हुन नदिने बताइन् । कार्यक्रममा तानसेन नगरपालिकाका प्रवक्ता यादव सिं कार्की, अस्पताल विकास समितिका पूर्व अध्यक्षहरु गुराँस आत्रेय,डा. पुरन बज्राचार्य, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमल तिमिल्सेना लगायतले अस्पतालको सेवालाई थप चुस्त र प्रभावकारी बनाएर लैजानुपर्नेमा जोड दिए । उनीहरुले स्वास्थ्य संवेदनशील विषय भएकाले अस्पतालको विकासमा आफुहरुको सहयोग सधैव रहने बताए । अस्पताल विकास समितिका अध्यक्ष अजयमान कर्मचार्यले मूल्याङ्कनमा आफुहरु क्रशम : उत्कृष्ट बन्दै गएको बताए । उनले मानविय र सेवा प्रवाहमा उत्तम बन्न स्वास्थ्यकर्मीहरुलाई आग्रह समेत गरे ।आफ्नो जिम्मेवारी जे हो त्यही गरेमा अवश्य सफलता प्राप्त हुने उनको भनाई छ । अध्यक्ष कर्मचार्यले छिट्टै भवन निर्माणका लागि जग्गाको व्यवस्थापन गर्ने गरी आफुहरुले काम गरेको बताए । कार्यक्रममा अस्पतालका निमित्त मेसु डा. राजेन्द्र पौडेलले अस्पतालले गरेका गतिविधि र भावी योजना प्रस्तुत गरेका थिए । अस्पतालमा कार्यरत डाक्टर, स्वास्थ्यकर्मी, कर्मचारी, व्यवस्थापन समिति र सरोकारवाला निकायको महत्वपूर्ण भूमिकाका कारण विगतमा भन्दा केही सुधारको नतिजा आएको उनले बताए । पौडेलले अस्पतालले दिने सेवामा कुनै कमी हुन नदिन अस्पतालमा कार्यरत सम्पूर्ण टिम नै निरन्तर लागिरहेको बताए । कार्यक्रममा नेपाली काँग्रेस पाल्पाका उपसभापति झपेन्द्र गहिरे, राष्ट्रिय स्वतन्त्र पार्टी पाल्पाका सहसचिव दिलिप घिमिरे, तानसेन नगरपालिकाका जनस्वास्थ्य निरीक्षक चन्द्रतारा बस्याल लगायतले अस्पतालका लागि सुझाव दिएका थिए । अस्पताल विकास समितिका अध्यक्ष अजयमान कर्मचार्यको अध्यक्षता, नर्स विभाग प्रमुख लक्ष्मी जिसीको सञ्चालनमा कार्यक्रम भएको थियो । अस्पतालले सोही दिन नै ल्याव कल्चरको सेवा समेत सञ्चालन गरेको छ । सेवाको लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेम सारुले उद्घाटन गरेका हुन् ।

## लुम्बिनी प्रदेशमा करिब १२...

...घाइते, रोगी र अत्यन्त कमजोर अवस्थामा रहेका पशुको व्यवस्थापन चुनौतीपूर्ण रहेको प्रतिवेदनले बताएको छ । कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले जानकारी दिए । गौशालामा पशु व्यवस्थापन गर्दा प्रति चौपाया एक सय खर्च आउने उल्लेख गरिएको चौपाया संरक्षमा ५० चौपायाको दैनिक रेखदेख, घाँस र दानापानीका लागि एकजना जनशक्ति आवश्यक पर्ने विषयसमेत प्रतिवेदनमा समेटिएको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका निमित्त सचिव अनिल मरासिनीले जानकारी दिए । तीन तहका सरकारबीच छाडा पशु व्यवस्थापन कसको प्राथमिक जिम्मेवारी हो भन्ने विषयमा स्पष्टता अझै नआएको, निजी वा धार्मिक संस्थाद्वारा सञ्चालित गौशालामा सरकारी लगानीका लागि कानुनी आधार अस्पष्ट भएको जस्ता चुनौती प्रतिवेदनले औँल्याएको छ । गोबर-मूत्रको प्रविधिमूलक उपयोग, जैविक मलको परीक्षण र बजार व्यवस्थापन कमजोर रहेको, नागरिकस्तरमा दायित्वबोध नबढ्दा रातारात पशु छाड्ने प्रवृत्ति बढेको उल्लेख छ । गाईलाई सांस्कृतिक र धार्मिक रूपमा सम्मान गर्ने परम्परा भएकाले संरक्षणका प्रयासलाई सहज बनाउन सकिने प्रतिवेदनमा उल्लेख छ । केही गौशालाले दूध, मल, बायोग्यास र जडीबुटीजन्य उत्पादनमार्फत आत्मनिर्भरता बढाएको उदाहरणसमेत समेटिएको छ । समितिले प्रदेशले सशर्त बजेटमार्फत गौशाला पूर्वाधार निर्माणमा सहयोग गर्ने, स्थानीय तहले जग्गा र घाँस व्यवस्थापनमा नेतृत्व लिनुपर्ने, पशु ट्यागिङ अनिवार्य गर्ने र गौशालामा पशु दिन चाहनेबाट रु पाँच हजार सहयोग लिने व्यवस्था मिलाउन सुझाव दिएको छ ।

जैविक मलमूत्रको प्रशोधन तथा बजार व्यवस्थापनमा सुविधा, नमूना कानुन बनाएर स्थानीय तहलाई कार्यान्वयनमा मार्गदर्शन गर्ने प्रस्ताव पनि प्रतिवेदनमा समावेश छ । विधेयक पारित भएपछि छाडा पशु व्यवस्थापनमा प्रदेश र स्थानीय तहबीच स्पष्ट भूमिकासहित समन्वय बढ्ने, सडक दुर्घटना र बाली नष्ट हुने समस्या घट्ने, पशु स्वास्थ्य सेवा सुधारिने र गौशाला क्रमश: आत्मनिर्भर बन्दै जाने प्रतिवेदनको निष्कर्ष छ । *-रासस*

### खेलकुद समाचार

## कर्णालीले जनकपुरलाई ३ रनले हरायो



**काठमाडौं,** मंसिर २२/नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा लिग चरणको अन्तिम खेलमा कर्णाली याक्सले जनकपुर बोल्ट्सलाई तीन रनले हराएको छ । कर्णालीले दिएको १ सय ३० रनको लक्ष्य दिएको पछ्याएको जनकपुरले ७ विकेट गुमाएर १ सय २६ रन मात्रै बनाउन सक्यो । जनकपुरका सञ्जय कृष्णमूर्तिले ५१ रन बनाए । कर्णालीका विलियम बोसिस्टो २, मार्क वाट, पवन सर्फ, नन्दन यादव र सोमपाल कामीले समान १ विकेट लिए । त्यसअघि कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको कर्णालीले २० ओभरमा ८ विकेट गुमाएर १ सय २९ रन बनायो । कर्णालीका इमरान शेखले ३३ रन बनाए । जनकपुरका ललित राजवंशी र आदित्य महताले २/२ विकेट लिए । दुवै टोली प्लेअफ समीकरणबाट बाहिरिसकेका छन् । यो खेल प्रतिष्ठाका लागि मात्रै थियो । ७ खेलमा दुई जीतसहित छैटौं स्थानमा रहेर कर्णालीले प्रतियोगिता टुङ्ग्यायो । समान खेलमा एउटा मात्रै खेल जितेको साविक विजेता जनकपुर तालिकाको पुछारमा रह्यो । क्वालिफायर र इलिमिनेटर समीकरण पूरा भएको छ । अब क्वालिफायरमा शीर्ष स्थानमा रहेको सुदूरपश्चिम रोयल्स र दोस्रो स्थानमा रहेको विराटनगर किङ्सबीच खेल हुनेछ । यस्तै इलिमिनेटरमा तेस्रो स्थानको काठमान्डु गोखार्ज र चौथो स्थानको लुम्बिनी लायन्सबीच खेल हुनेछ । गएको मङ्सिर १ देखि शुरू भएको दोस्रो संस्करणको एनपीएलको फाइनल खेल यही २७ गते हुनेछ । प्रतियोगितमा ८ वटा टोली सहभागी छन् ।

### अर्थ/कर्पोरेट समाचार

## नेप्सेमा निरन्तर गिरावट



**पाल्पा,** मंसिर २२/सेयर कारोबार मापक नेप्से परिसूचकमा निरन्तर गिरावट आएको छ । यो साता दुई दिनसम्म निरन्तर नेप्सेमा गिरावट आएको हो ।

सोमबार बजार परिसूचक नेप्से ३ दशमलव ०२ अंक घटेको छ । यो कमीसँगै २६०६ मा कायम भएको छ । गत साता कारोबार भएका चार दिन पनि बजार घटेको थियो । विगत ६ दिनमा नेप्से १७० अंकले घटिसकेको छ । मंसिर ११ गते नेप्से २७७६ अंकमा थियो । मुलुकमा व्याप्त राजनीतिक अस्थिरता, चुनावको अनिश्चितताजस्ता प्रमुख कारण लगानीकर्तामा कन्फिडेन्स बढ्न सकेको छैन । ९९ कम्पनीको मूल्य बढ्दा १४७ को घट्यो भने १२ को स्थिर रह्यो । दिनभर बजार सामान्य उतारचढावमा रह्यो । सोमबार जलविद्युत् ० दशमलव १२, जीवन बीमा ० दशमलव ५०, उत्पादन तथा प्रशोधन ० दशमलव ६१, निर्जीवन बीमा ० दशमलव०५ तथा व्यापार ० दशमलव ४१ प्रतिशत बढे । बैंकिङ ० दशमलव ६७, विकास बैंक ० दशमलव११, फाइनान्स ० दशमलव ५७, होटल तथा पर्यटन ० दशमलव २३, लगानी ० दशमलव१६, माइक्रोफाइनान्स ० दशमलव २९ तथा अन्य ० दशमलव २१ प्रतिशत घटे । चार कम्पनीको मूल्य १० प्रतिशत बढेको छ ।

१० प्रतिशत बढेका कम्पनीमा अपर स्याङ्गे हाइड्रोपावर, स्वस्तिक लघुवित्त, झापा इनर्जी र श्रीनगर एग्रिटेक छन् । त्यस्तै इङ्वा हाइड्रोपावरको ९दशमलव०३ तथा पियोर इनर्जीको ४ दशमलव ४ प्रतिशत मूल्य बढ्यो । सपोर्ट माइक्रोफाइनान्सको ५ दशमलव१६, मेन्छियाम हाइड्रोपावरको ३ दशमलव ७३, गुहेश्वरी मर्चेन्ट बैंकको ३ दशमलव ६८ प्रतिशत मूल्य घट्यो । धेरै कारोबार भएका पाँच कम्पनीमा डादी ग्रुप, सागर डिस्टिलरी, राधि विद्युत् र झापा इनर्जी छन् ।

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई